बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरुले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**झाडापखाला तथा बान्ताबाट बच्न**

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा झिंगा, भुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफासँग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल तथा सागसब्जी सफा पानीले पाखालेर मात्र खाऔं,
- स्वच्छ र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

झिंगा, दूषित खाना र पानी, फोहर हात एवं भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१४ ।। अङ्क : ०९६ ॥ २०७९ वैशाख २५ गते आइतबार (8th May 2022 Sunday) **Pratidin** National Daily dN0-?:%÷-

# मोटरसाइकल दाइजो माग्ने बेहुला प्रहरी नियन्त्रणमा

***झापा (प्रस)*** । झापाको मेचीनगरमा केटी पक्षसँग दाइजोमा मोटरसाइकल माग्ने बेहुलालाई प्रहरीले नियन्त्रणमा लिएको छ। मेचीनगर नगरपालिका- १५ ज्यामिरगढी निवासी पुष्पलाल राजवंशीकी छोरीको विवाहमा बेहुला झापा गाउँपालिका- ४ निवासी विश्वेश्वर चौधरी( गनगाई) का छोरा २८ वर्षीय डेबिट चौधरीले दाइजोमा मोटरसाइकल मागेका थिए। बेहुला पक्षले मोटरसाइकल नदिए विवाह नगर्ने भन्दै मण्डपमै विवाद गरेपछि बेहुली पक्षले बेहुला



पक्षलाई विपक्षी बनाएर प्रहरीमा उजुरी दिएको जिल्ला प्रहरी कार्यालय झापाका डिएसपी बसन्त पाठकले जानकारी दिए । बिहीबार राति बेहुला पक्ष विवाह गर्न बेहुलीको घर पुगेका थिए। राति विवाह सम्पन्न भएपछि बिहान खिर खुवाउने बेलामा बेहुला पक्षले एक्कासी दाइजोमा मोटरसाइकल माग्दा दुवै पक्षबीच विवाद भएको डिएसपी पाठकले बताए। उनले भने, 'मोटरसाइकल नदिएको भन्दै विवाद गर्ने परिवारमा कसरी छोरी दिनु भन्दै बेहुलीको परिवारजनले उजुरी दियो।' यता प्रहरीमा उजुरी परेपछि बेहुला चौधरीलाई प्रहरीले बेहुलीको घरबाटै शुक्रबार नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय धुलाबारीमा राखेको छ। प्रहरीले बेहुलामाथि विवाहमा लेनदेन गर्न नहुने सम्बन्धी कसुरमा मुद्दा चलाएर अनुसन्धान थालेको जनाइएको छ । डेबिटले प्रेम गरेर पुष्पलालकी छोरीसंग मागी विवाह गरेका थिए । राजवंशी , गनगाई , ताजपुरिया जातिमा बेहुली अन्माउनुअघि बेहुला र बेहुलाका भेनाहरुलाई खिर खुवाउने चलन छ । त्यसबेला बेहुलाले अडान लिने र केही न केही दिएर बेहुलालाई मनाएर खिर खुवाउनुपर्ने विकृति रहेको छ । त्यही खिर खुवाउने बेलामा डेबिटले बेहुली पक्षलाई अप्ठ्यारोमा पारेका थिए ।

# कम्युनिष्टलाई मत दिन बुद्धिजीवीको आग्रह



***विराटनगर (प्रस)*** । मानअधिकारवादी संस्था अनौपचारिक सेवा केन्द्र (इन्सेक) पूर्वाञ्चल संयोजक सोमराज थापासहित विराटनगरका बामपन्थी बुद्धिजीवीले आगामी निर्वाचनमा कम्युनिष्ट उम्मेदवारलाई मत दिन अपिल गरेका छन् । शनिबार एक विज्ञप्ति जारी गर्दै थापासहितका बुद्धिजीवीले स्थानीय तहको निर्वाचनमा कम्युनिष्टहरूलाई हानी हुने र गैरकम्युनिष्टहरूलाई लाभ हुने परिस्थिति निर्माण हुन पुगेकोप्रति चिन्ता जाहेर गर्दै कम्युनिष्टलाई मत दिन आग्रह गरेका हुन् । आफूहरु 'एकता आलोचना एकताको' द्वन्द्ववादी सिद्धान्तलाई आत्मसात गर्ने पार्टीका कार्यकर्ता भएको भन्दै विज्ञप्तिमा नेताहरूले गरेका गलत कार्यको आलोचना गरेपनि आसन्न निर्वाचनमा कम्युनिष्ट पार्टीहरूलाई नै मत दिन सबैसँग अनुरोध गरेका

❖ बाँकी अन्तिम पृष्ठमा

सुशासन, समृद्धि र समाजवादको आधार
पालिका-पालिकामा एमालेको सरकार

'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकांक्षालाई पूरा गर्न यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा **सूर्य चिह्न**मा मतदान गरी नेकपा एमालेका उम्मेदवारहरूलाई अत्यधिक बहुमतले विजयी गराऔं ।



आठ सूर्य सात छाप : नेकपा एमाले जिन्दावाद
नेकपा एमालेको आह्वान, समृद्ध नेपालका लागि सूर्यमा मतदान
नेकपा एमाले झापा

# वडाध्यक्ष चलाउन नसक्नेलाई मेयरमा किन भोट दिने ?-कार्की

***बिर्तामोड (प्रस)*** । संयुक्त गठबन्धनका तर्फबाट अर्जुनधारा नगरपालिकाको नगर प्रमुखमा उम्मेदवारी दिएकी रंजिता कार्कीले प्रतिष्पर्धी बलदेव गोमदेनका बारेमा कडा टिप्पणी गरेकी छन् ।

नेकपा एमालेका तर्फबाट नगर प्रमुखमा उम्मेदवारी दिएका गोमदेन लोकप्रिय अनुहार भएको प्रचार गरिरहँदा कार्कीले वडाध्यक्ष चलाउन नसकेका व्यक्तिलाई नगर प्रमुखमा भोट हाल्नका लागि विवेक पुऱ्याउन आम नगरवासीहरुलाई आग्रह गरेकी छन् । बलदेव २०७४ को स्थानीय निर्वाचनमा वडा नं १० को वडाध्यक्षमा निर्वाचित भएका थिए । वडाध्यक्ष भएपनि उनले अधिकांश



समय वडा सदस्यहरुलाई कार्यवाहक दिएको गुनासो छ ।' उहाँले वडाध्यक्ष हुँदै गर्दा कार्यवाहक दिएर चलाउनु भएको छ भनेर सुनेकी छु , कुनै पनि जनप्रतिनिधिको आफ्नो उत्तरदायित्व हुन्छ' उनले भनिन् ' आफ्नो उत्तरदायित्व छोडेर वडा सदस्यलाई हमेशा कार्यवाहक दिनु भनेको जनताको अमूल्य मतको अपमान हो ।' वडाध्यक्ष हुँदा आफ्नो अभिभाराबाट पन्छिएर फुर्सदिलो बन्ने व्यक्ति मेयर हुँदै गर्दा मेयर पनि कार्यवाहक दिनुभयो भने नगरको विकास हुन्छ ? भनी उनले प्रश्न गरिन् । त्यसकारण नगरको विकास र सुन्दर नगर निर्माणको लागि कस्तो मेयर चाहिन्छ भनेर नगरवासीहरुलाई विवेक पुऱ्याएर मत हाल्न उनले आग्रह गरिन् । 'कानून र नीति नियमले चलाउनु पर्ने ठाउँमा यो मेयरलाई थाहै छैन भनेर कर्मचारीले नगरपालिका चलाए भने दुर्घटना हुन्छ' उनले भनिन् । उम्मेदवार कार्कीले अर्जुनधाराको लागि आफू नौलो र अनौठो नभएको प्रतिक्रिया दिइन् । अर्जुनधारा ५ स्थित भानु माविमा कक्षा १० सम्म अध्ययन गरी गोमेन्द्र कलेज बिर्तामोडमा ११ र १२ पढेर उच्च शिक्षाको लागि आफू काठमाडौं गएको जानकारी दिइन् । पाँच वर्ष अध्ययन गर्न काठमाडौं जाँदा आफूलाई यहाँको नयाँ मान्छे भनेर प्रमाणित गर्न जरुरी नभएको प्रतिक्रिया दिइन् । प्रतिदिनसंग कुराकानी गर्दै उनले सो कुरा बताएकी हुन् । उनीसंगको कुराकानी प्रतिदिन अनलाइन टेलिभिजनमा हेर्न सकिनेछ ।

" सुशासन, समृद्धि र समाजवादको आधार
बिर्तामोड नगरपालिकामा एमालेको सरकार "

नेकपा एमालेको तर्फबाट बिर्तामोड नगरपालिकामा रहेका सम्पूर्ण उम्मेदवारलाई **सूर्य चिन्ह**मा मतदान गरी अत्यधिक बहुमतसहित विजयी गराऔं ।



नगेन्द्र प्रसाद संग्रौला
नगर उपप्रमुखको उम्मेदवार
बिर्तामोड नगरपालिका

पवित्रा महतारा प्रसाई
नगरप्रमुखको उम्मेदवार
बिर्तामोड नगरपालिका



वडा नं. १ अग्निप्रसाद पाण्डे वडाध्यक्ष उम्मेदवार
वडा नं. २ किशोरकुमार पौडेल वडाध्यक्ष उम्मेदवार
वडा नं. ३ मदन बुढाथोकी वडाध्यक्ष उम्मेदवार
वडा नं. ४ राहुन कुमार शर्मा वडाध्यक्ष उम्मेदवार
वडा नं. ५ राजेन्द्रप्रसाद लिङ्देन वडाध्यक्ष उम्मेदवार
वडा नं. ६ बुद्धिराम भट्टराई वडाध्यक्ष उम्मेदवार
वडा नं. ७ अविरल कृष्ण खरेल वडाध्यक्ष उम्मेदवार
वडा नं. ८ विष्णु भट्टराई वडाध्यक्ष उम्मेदवार
वडा नं. ९ हरिप्रसाद चम्लागाई वडाध्यक्ष उम्मेदवार
वडा नं. १० रिमानध्वज लोवताम वडाध्यक्ष उम्मेदवार

| क्र.सं. | मतपत्र-१ अध्यक्ष/प्रमुख | मतपत्र-२ उपाध्यक्ष/उपप्रमुख | मतपत्र-३ वडा अध्यक्ष | मतपत्र-४ महिला वडा सदस्य | मतपत्र-५ दलित महिला वडा सदस्य | मतपत्र-६ वडा सदस्य दुई जना |
| --- | --- | --- | --- | --- | --- | --- |
| १ | | | | | | |

आठ सूर्य सात छाप : नेकपा एमाले जिन्दावाद !
चुनाव प्रचार प्रसार समिति
नेकपा एमाले बिर्तामोड नगर कमिटी, झापा

# स्थानीय चुनावका लागि २ करोड ७ लाख मतपत्र

झापा । निर्वाचन आयोगले वैशाख ३० गते हुने मतदानका लागि जम्मा मतदाता संख्याभन्दा करिब तीस लाख बढी मतपत्र छापेको छ। स्थानीय तहको निर्वाचनमा १ करोड ७७ लाख ३३ हजार ७२३ जनाले भोट खसाल्न पाउनेछन्। देशभरका ७५३ वटै पालिकाका लागि २ करोड ७ लाख ४ हजार मतपत्र छपाइ गरिएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए। उनले यो पटक आयोगले अनुमान गरेभन्दा बढी स्वतन्त्र उम्मेदवारले मनोनयन दर्ता गराएका कारण ५३ पालिकाका मतपत्र पुनः छपाइ गर्नु परेकाले मतपत्र अझ बढी हुनु स्वाभाविक भएको बताए। 'पूर्व-अनुमान गरेर मतपत्र छाप्ने हो जहिले पनि अब केही ठाउँमा त्यस्तो हुनु स्वाभाविक नै हो। त्यसलाई अन्यथा मान्ने कुरै हुँदैन।', उनले थपे, 'यत्रो ठूलो जटिल व्यवस्थापन गर्दा केही प्रतिशत मतपत्र बढी हुनसक्छ।'




आयोगले ती पालिकाका लागि १३ लाख ४ हजार मतपत्र पुनः छपाइ गरेको थियो। उनले प्रत्येक मतदानस्थलमाजम्मा मतदाता संख्याको १० देखि १५ प्रतिशत बढी मतपत्र पठाउने प्रावधान रहेको स्पष्ट पारे। 'कुनै मतदान केन्द्रको निर्वाचन स्थगन गर्नु पऱ्यो र पुनः मतदान गर्नुपऱ्यो भने पहिलेको

❖ बाँकी अन्तिम पृष्ठमा

अर्जुनधारा नगरबासीहरुमा
हर्दिक अनुरोध



अर्जुनधारा नगरपालिकाको इतिहासमै पहिलो गठबन्धनको तर्फबाट महिला युवा अधिवक्ता निष्पक्ष निडर बौद्धिक जुझारु युवाहरुको प्रतिनिधित्व र अग्रजहरुको सम्मान गर्दै पालिकाको सर्वाङ्गीण विकास गर्नसक्ने स्वच्छ छविकी नेपाली कांग्रेसकी मेयर पदकी उम्मेद्वार रञ्जीता कार्कीलाई रुख चिन्हमा मतदान गरी अत्याधिक बहुमतले विजयी गराईदिनुहुन अर्जुनधारा नगरवासीहरुमा हार्दिक अनुरोध गर्दछौं ।

' सुशासन स्थापनामा सहयोग गरौं ।'

सम्पूर्ण सुभेच्छुकहरु अर्जुनधारा नगरपालिका झापा

# कामीरिता २६ औं पटक सगरमाथा चुचुरोमा

***झापा (प्रस) ।*** यस पटकको बसन्तकालीन हिमाल आरोहणका लागि बाटो बनाउँदै शनिबार बेलुकी कामीरिता शेर्पासहित ११ जना शेर्पाको टोली विश्वकै अग्लो हिमालको चुचुरोमा पुगेका छन् । योसँगै सोलुखुम्बुको थामेका ५२ वर्षीय कामीरिता शेर्पा २६ औं पटक सगरमाथा चुचुरोमा पुगेर आफ्नै २५ औं पटकको विश्व कीर्तिमान 'ब्रेक' गरेका छन् ।

'कामीरितासहित ११ नेपाली शेर्पाहरुको टोलीले शनिबार बेलुकी ६:५५ बजे सगरमाथा चुचुरोमा पाइला राखेका छन्,' काठमाडौंस्थित सेभेन समिट ट्रेक्सका अध्यक्ष मिग्मा शेर्पाले भने,' कामीरिताको नेतृत्वमा ११ जना शेर्पा गाइड शुक्रबार साँझ डोरी टाँगेर बाटो बनाउँदै चुचुरोतर्फ लागेका थिए ।'

यस सिजनमा आरोहीहरुका लागि सगरमाथामा रोप फिक्सिङ (डोरी टागेर) गरी चुचुरोसम्मै बाटो बनाइदिने कामीरिताले नेतृत्व गरेको टोलीमा संखुवासभाका सोना शेर्पा, निग्मा टासी शेर्पा, फुर्वा कुसाङ शेर्पा, पासतेन्जिङ शेर्पा, तारेमान शेर्पा थिए । त्यस्तै सोलुखुम्बुका निग्मा टासी शेर्पा, तेन्जिङ ग्याल्जे शेर्पा, फुर्वा छोतार र दोलखाका मिग्मा धन्दु शेर्पा थिए । यी सबै शेर्पा आइतबार बेलुकीसम्म सगरमाथा आधार शिविरसम्म फर्किने भनिएको छ ।

**स्थानीय...**

मतपत्र काम लाग्दैन। त्यसैले १५ प्रतिशत बढी मतपत्र छापिन्छ', उनले भने, '३० गते कहीँ गडबड भए त्यो दिन स्थगन गरेर अर्को दिन मतदान गराउनुपर्छ। तुरुन्तै छपाएर पठाउन त सकिन्न।'

तोकिएकै समयमा निर्वाचन सम्पन्न गराउन यस्तो प्रावधान राखिएको आयोगले जनाएको छ। बढी भएका मतपत्र छपाइ मुख्य निर्वाचन कार्यलयमा सुरक्षित रूपमा राखिने भएकाले दुरुपयोग नहुने उनको दाबी छ। मतदान सकिएपछि बढी भएको मतपत्र धुल्याउने (नष्ट गर्ने) आयोगले जनाएको छ। आयोगले सबै जिल्लामा आवश्यक पर्ने मतपत्र पठाइसकेको छ।

# बिर्तामोड ९ मा गठबन्धनको घरदैलो सम्पन्न

***बिर्तामोड (प्रस) ।*** वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनअन्तर्गत गठबन्धन दलले घरदैलो अभियान बिर्तामोड-९ मा शनिबार सम्पन्न गरेको छ । शनिबार नगरप्रमुख र उपप्रमुख पदका उम्मेदवारहरु समेतको उपस्थितिमा विभिन्न टोलमा कोणसभा गर्दै गठबन्धनले घरदैलो सम्पन्न गरेको हो ।

'करिब १० दिन लामो घरदैलो कार्यक्रम हाम्रो वडामा सम्पन्न भएको छ,' वडा नम्बर ९ का वडाध्यक्ष पदका उम्मेदवार मोहनप्रसाद सुब्बाले भने,'अब मतदाता शिक्षाको कार्यक्रम चलाउँछौं ।' आफूहरुले वडाका अधिकांश घरमा गएर मतदातालाई आफ्नो प्रतिबद्धता सुनाएर मत मागेको उनले बताए ।

शनिबार वडा नम्बर ९ को कामाटोली, कन्चनबारी, लखिबारीस्थित भिमसेन मन्दिर, सतालसिंहबारीलगायतका



स्थानहरुमा भएको कोणसभामा नगरप्रमुख पदका उम्मेदवार भोजराज सिटौला, उपप्रमुख पदका उम्मेदवार सिपी कडरिया, वडाध्यक्ष पदका सुब्बा, नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुशिला ढकाल, माओवादी केन्द्रका प्रदेश सदस्य अरुण श्रेष्ठलगायतले सम्बोधन गरेका थिए ।

कार्यक्रममा बोल्दै नगरप्रमुख पदका उम्मेदवार सिटौलाले आफूले चुनाव जिते पनि नजिते पनि ९ नम्बर वडाको सडक, कृषि, विद्युतलगायतको क्षेत्रमा काम गर्ने बताए । उनले कन्चनबारीका सडकमा भएको खाल्डो निर्वाचन सकिएको दुई दिनभित्रैमा आफ्नो पहलमा पुर्ने घोषणा गरे । आफूले कहिले झुठ नबोल्ने बताउँदै सिटौलाले यदि झुठ बोल्ने गरेको भए तीन/तीन कार्यकाल वडाध्यक्ष निर्वाचित नहुने बताए । फुल बोकेर मन्दिरको मुर्ति चोर्न जानेहरुसँग होसियार रहन आग्रह गर्दै गठबन्धनका उम्मेदवारहरुलाई जिताउन मतदातालाई अपिल गरे ।

उपप्रमुख पदका उम्मेदवार कडरियाले ९ नम्बर वडा कृषिका लागि उर्वर रहेको भन्दै मोटर बोरिङ जडान गर्ने, भोल्टेज सुधारका लागि काम गर्नेलगायतका प्रतिबद्धता व्यक्त गरे । कडरियाले आफू जनप्रतिनिधि नहुँदा पनि वडा नम्बर ९ को विकासका लागि काम गरेको हुँदा जनप्रतिनिधि बनाएर थप जिम्मेवारीका साथ काम गराउन आग्रह गरे ।

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य सुशिला ढकालले मतदाताहरुलाई अन्य दलको भ्रममा नपरी गठबन्धनका सबै उम्मेदवार हरुलाई भोट हाल्न आग्रह गरिन् । माओवादी केन्द्रका प्रदेश सदस्य अरुण श्रेष्ठ कुबेरले घरका बालाई पानी दिन छाडेर पार्टीको बाको पछि लाग्नेहरुले विकास नगर्ने बताए । उनले गठबन्धन संविधान र व्यवस्थाको रक्षाका लागि अति आवश्यक भएको धारणा व्यक्त गरे ।

वडाध्यक्षका उम्मेदवार सुब्बाले गठबन्धनका उम्मेदवारहरुलाई जिताउन अपिल गर्दै निर्वाचित भए वडामा सुशासन कायम गर्ने, वडा कार्यालयलाई भौगोलिक हिसाबले मध्यभागमा निर्माण गर्ने, वडामा कार्यकर्ता पोस्ने काम बन्द गर्ने, ९ नम्बरलाई नमूना वडा बनाउनेलगायतका प्रतिबद्धता व्यक्त गरे । उनले वडाबासीलाई आफूले गरेका प्रतिबद्धता रेकर्ड गरेर राख्न आग्रह गर्दै सो अनुसार नभए आएर कान समाउन भने ।

वडा नम्बर ९ मा गठबन्धनका तर्फबाट वडाध्यक्ष सुब्बा, महिला सदस्य चन्द्रमाया तामाङ, दलित महिला सदस्य नानुमाया लकान्द्री, वडा सदस्यहरु श्रीप्रसाद पाठक र गोविन्द उम्मेदवार रहेका छन् ।

**कम्युनिष्टलाई ....**

छन् ।

पुष्पलाल जस्ता सिद्धान्तनिष्ट र नैतिकवान नेताले २००६ सालमा स्थापना गरेको र हामी जस्ता हजारौं इमान्दार कार्यकर्ताहरूले रगत पसिना बगाएर विकसित गरेको नेपालको कम्युनिष्ट आन्दोलन अहिलेका कम्युनिष्ट पार्टीका शीर्ष नेताहरूका गैरमार्क्सवादी चिन्तन र ब्यक्तिवादी सोचका कारण बिखण्डित हुँदै विज्ञप्तिमा जनाइएको छ । कम्युनिष्ट नेताहरु एकले अर्कालाई गाली गर्ने, होच्याउने र सिध्याउने खेलमा लाग्नु नेपालको समग्र कम्युनिष्ट आन्दोलन संकटमा परेको उनीहरुले बताएका छन् ।

नेताहरूको गलत सोच र क्रियाकलापले गर्दा दक्षिण एशियाकै सबैभन्दा शक्तिशाली नेपाल कम्युनिष्ट पार्टी 'नेकपा' समाप्त भएको भन्दै उनीहरुले नेताहरूले यसबाट शिक्षा लिई आफ्ना गल्तीहरूलाई सच्याउदै मार्क्सवादी लेनिनवादी ज्ञानको प्रकाशमा अगाडि बढ्नुपर्ने आग्रह गरेका छन् । कम्युनिष्ट पार्टीको विभाजन र त्यसबाट गैरकम्युनिष्टले फाइदा लिएकोप्रति उनीहरुले दुःखसमेत व्यक्त गरेका छन् ।

विज्ञप्ति जारी गर्नेहरुमा इन्सेक संयोजक थापासहित बाम बुद्धिजीवीहरू केशबप्रसाद गौतम, शिवबहादुर कार्की, देवीबहादुर घिमिरे, प्रा.डा. खगेन्द्र आचार्य, प्रा.डा.मिनराज ढकाल, प्रा.डा. रमेश दाहाल र प्रा.डा. सनत बराल छन् ।

# ५ वर्ष भित्रमा बिर्तामोडलाई सुन्दर बनाउने प्रतिवद्धता

***बिर्तामोड (प्रस) ।*** नेकपा एमाले बिर्तामोड नगर कमिटी इञ्चार्ज देवराज कार्कीले अबको ५ वर्ष भित्रमा बिर्तामोडलाई सुन्दर र लोभलाग्दो नगर बनाउने प्रतिवद्धता जनाएका छन् ।

बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा नेकपा एमाले बहुमतका साथ विजयी हुने विश्वास व्यक्त गर्दै उनले २०७४ सालको निर्वाचनअघि कुपोषण लागे जस्तो रहेको बिर्तामोडलाई अहिले ३५ वर्षको हट्टाकट्टा युवा जस्तो बनाएको दावी गरे । इञ्चार्ज कार्कीले यसलाई अबको ५ वर्षभित्रमा एमाले नेतृत्वको सरकारले १६ वर्षे युवा जस्तो सुन्दर,सफा,लोभलाग्दो र हराभरा बनाउने बताए । नेकपा एमालेले नगरको सुन्दर भविष्य समेटिएको १७ वटा बुँदामा प्रतिवद्धतापत्र सार्वजनिक गरेको कार्कीको भनाई छ ।

शिक्षा,स्वास्थ्य र कृषि हबको रुपमा बिर्तामोडलाई विकास गर्ने नेकपा एमालेको प्रतिबद्धतापत्रमा



उल्लेख छ । एमालेले अबको ५ वर्ष भित्रमा सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय र प्रविधियुक्त बनाउँदै कक्षा १२ सम्म पूर्णरुपमा निशुल्क गर्ने,बिर्तामोडमा रहेको सामुदायिक,निजी र सरकारी स्वास्थ्य संस्थालाई स्वास्थ्यमैत्री ढंगले अघि बढाउने,असहाय नागरिकहरुलाई स्वास्थ्य विमामार्फत उपचार गराउने,कृषिलाई आधुनिकीकरण गर्दै लैजाने,३ वटा चिस्यान गृह र माटो परीक्षण प्रयोगशाला स्थापना गर्ने प्रतिवद्वतापत्रमा उल्लेख छ ।

नगर इञ्चार्ज कार्कीले विपन्न नागरिकहरुलाई रोजगार र उत्पादनसंग जोडेर आफ्ना कार्यक्रमहरुलाई अघि बढाउने,उनीहरुको लागि निशुल्क शिक्षा,निशुल्क स्वास्थ्य विमा,खानेपानी,विद्युत,शौचालयसहित सुविधायुक्त जनता आवास निर्माण गर्ने बताए । यस्तै उनले भूमिहीन नागरिकलाई जग्गाको मालिक बनाएर धनीपुर्जा उपलव्ध गराउने पनि बताए ।

इञ्चार्ज कार्कीले कम्युष्टि पार्टीको नेतृत्वमा बनेको सरकारले भ्रष्टचार नगर्ने,सुशासन,पारदर्शिता र जनमुखी सेवालाई अघि बढाउने बताए । उनले नगरमा भएका भाषा,कला,संस्कार संस्कृति,साहित्यको विकासको लागि प्रज्ञा प्रतिष्ठान गठन गर्ने,रोजगार सेवाकेन्द्र स्थापना गर्ने पनि बताए । उनले नगरको भौतिक विकासको लागि एकीकृत गुरुयोजना निर्माण गरेर अघि बढ्ने बताए । नेकपा एमालेले ५ वर्ष भित्रमा १२५ किलोमिटर सडक कालोपत्रे गर्ने,बाँकीलाई उच्चस्तरीय ग्राभेल,पेवर्स लगाउने, डोमालाल राजवंशी रंगशालाको स्तरोन्नति गरी ७ हजार ५ सय सिट क्षमताको प्याराफिट निर्माण गर्ने,मदन भण्डारी खेलमैदानलाई क्रिकेट एकाडेमी,फुटवल एकाडेमी सञ्चालन गर्नेलगायतका नगर गौरवका आयोजनाहरुलाई प्रतिवद्वतापत्रमा उल्लेख गरिएको छ ।

बिर्तामोडमा नेकपा एमालेको तर्फबाट नगरप्रमुख पदमा पवित्रा महतारा प्रसाई र उपप्रमुखमा नगेन्द्र प्रसाद संग्रौला उम्मेदवार छन् । उम्मेदवार हरुले चुनावी अभियानअन्तर्गत घरदैलो कार्यक्रमलाई अघि बढाईरहेका छन् । शनिबार नगरप्रमुख र उपप्रमख पदका उम्मेदवारसहित वडा नम्बर ४मा घरदैलो कार्यक्रम गरिएको छ । वडानम्बर ४मा वडाध्यक्षमा राहुलकुमार शर्मा र सदस्यहरुमा खुल्ला महिला तर्फ रमादेवी राजवंशी,दलित महिलातर्फ निर्मलादेवी सुनुवार,सदस्यमा उमेश राउत र केशवकुमार श्रेष्ठ उम्मेदवार रहेका छन् ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापाले प्रदान गर्ने सेवाहरु सम्बन्धी

सूचना सूचना सूचना

(१) सबै प्रकारका रोगीहरू तथा रोगहरुको आयुर्वेद पद्धतिद्वारा निशुल्क दैनिक परीक्षण तथा उपचार सेवा ।
(२) २३ प्रकारका अत्यावश्यक आयुर्वेद औषधिहरू निशुल्क वितरण ।
(३) ल्याव सेवा ।
(४) पारालाइसिस, वाथ रोगीहरु तथा हात, खुट्टा , कम्मर दुख्ने रोगी तथा अन्य रोगीहरुको लागि पञ्चकर्म विधिद्वारा उपचार सेवा ।
(५) पिनास, माईग्रेन, मानसिक रोग तथा शिरो रोगीहरूको लागि नस्यकर्म तथा शिरोधारा सेवाद्वारा उपचार ।
(६) फिजियोथेरापी सेवा ।
(७) मलद्वारमा देखा पर्ने पाइल्स, फिस्टुला , फिसर लगायत अन्य रोगहरुको क्षारसुत्र विधिद्वारा उपचार सेवा ।
(८) अग्निकर्म विधिद्वारा विभिन्न दुखाई सम्बन्धी रोगहरुको उपचार सेवा ।
(९) जेष्ठ नागरिकहरुको लागि शक्तिबर्द्धक रसायन वितरण ।
(१०) स्तनपायी आमाहरुलाई दुग्धबर्द्धक आयुर्वेद औषधी निशुल्क वितरण ।
(११) स्वस्थ जीवन सम्बन्धी परामर्श एवम् योग सेवा

आदि विभिन्न प्रकारका सेवाहरु प्रदान गरिरहेकोले समयमै आफ्नो स्वास्थ्यको रक्षा गर्न जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा आएर आयुर्वेदद्वारा स्वास्थ सेवा लिई स्वास्थ्य लाभ लिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र , भद्रपुर , झापा

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

देउराली बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-१ , अतिथिसदन रोड
कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस देउराली बचत तथा ऋण सहकारी संस्था .लि बिर्तामोड १ झापाको लागि निम्न पदहरुमा कर्मचारी आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिक ( महिला र पुरुष दुवै ) बाट दरखास्त आह्वान गरिन्छ ।
पद - निक्षेप संकलक ( फिल्ड कर्मचारी )
संख्या - ११ जना
क्षेत्र - बिर्तामोड न.पा र अर्जुनधारा न.पा . ४ देखि ११ वडा
सेवा सुविधा - संस्थाको नियम अनुसार
दरखास्त दिने अन्तिम मिति : ०७९/०१/२५ सम्म
परीक्षाको किसिम : अन्तर्वार्ता
अन्तर्वार्ता मिति : ०७९/०१/२६ गते
शैक्षिक योग्यता : एस .एल .सी. उत्तीर्ण वा सो सरह
आवश्यक कागजातहरु
नागरिकताको फोटोकपि , शैक्षिक पमाणपत्रको प्रतिलिपि , २ प्रति पासपोर्ट साईजको फोटो
फारम शुल्क : रु.२०० । -
सम्पर्क
०२३-५३४३०७ , ९८०६८२२६६३ (प्रकाशचन्द्र बराल )
९८१४०४६२४१ (कमला खतिवडा)

# आचारसंहिताविपरीत मोटरसाइकल र रिक्सा ¥याली

***मोरङ (प्रस) ।*** निर्वाचन आचारसंहिताविपरीत मोरङको जहदा गाउँपालिकामा कांग्रेस, जनता समाजवादी पार्टीलगायत दलले माइकिङका साथै मोटरसाइकल र सिटी रिक्सा ¥याली प्रदर्शन गरेका छन् ।

निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन निष्पक्ष, पारदर्शी, भयमुक्त, स्वतन्त्र र स्वच्छ रुपमा सम्पन्न गराउन निर्वाचन आचारसंहिता लागु गरे पनि उम्मेदवारहरुले त्यसलाई बेवास्ता गर्दै मोटरसाइकल र सिटी रिक्सा ¥याली प्रदर्शन गरेका हुन् ।

शनिबार सबै उम्मेदवारहरुले घरदैलो कार्यक्रमका साथै भव्य रुपमा शक्ति प्रदर्शन गरे। उनीहरुले पार्टीको झण्डाका साथै चुनाव चिन्ह अंकित तुल, ब्यानर मोटरसाइकल र सिटी रिक्सामा राखेर प्रदर्शन गरिरहेका छन् । तर राजनीतिक दल, उम्मेदवार तथा दलको भ्रातृ संगठनले पालना गर्नुपर्ने आचरणसम्बन्धी निर्वाचन आचारसंहिताको बुँदा नम्बर १२ मा यसरी प्रदर्शन गरिने जुलुसमा पार्टीको झण्डा र निर्वाचन चिन्ह प्रयोग गर्न बन्देज लगाइएको छ ।

निर्वाचन आचारसंहिताको बुँदा १२ को (घ) मा जुलुस वा आमसभामा भाग लिने वा प्रचार प्रसार गर्ने व्यक्तिले दलको निर्वाचन चिन्ह, झण्डा, अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने उल्लेख छ ।

तर उम्मेदवारहरुले गाउँ, टोलमा पार्टीको झण्डा, निर्वाचन चिन्ह र माइकिङ गर्दै दैनिक जुलुस प्रदर्शन गर्दै घरदैलो गरिरहेका छन् । आचारसंहितामा यस्ता ¥यालीहरु समेत प्रदर्शन गर्नमा बन्देज लगाइएको छ । मोरङस्थित प्रदेश १ को एक मात्र महानगर विराटनगर र ८/८ वटा नगर र गाउँपालिकामा उम्मेदवारहरुले यसरी नै मोटरसाइकल, सिटी तथा अटो रिक्सा र गाडीको ¥याली प्रदर्शन गरिरहेका हुन् । प्रदेश १ निर्वाचन कार्यालय विराटनगरका प्रदेश निर्वाचन अधिकारी तथा आचारसंहिता अनुगमन समितिका संयोजक लेवन कश्यप अधिकारीले राजनीतिक दल र उम्मेदवारहरुलाई निर्वाचन आचारसंहिता उल्लंघन गरेको बारेमा सचेत गराउने लगायतका कारबाही प्रक्रिया सुरु गरिएको बताए ।

हरि ओम UPVC उद्योग



बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरू: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।
नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## बधाई तथा शुभकामना



• गम्भीर दुवाडी

आफ्नै आत्मालाई सोध
गाउँ बेंसी खोंचमा खोज
तिम्रो न्वारान गर्ने पँधेरो
उज्यालो छ कि अँध्यारो ?
'कुला माथि खेत
धान फल्दै फल्दैन
भोको रह्यो पेट'
टनक्क पटुका कसेर
खेतबारीको डिलमा बसेर
नजर क्षितिज सम्म धसेर
नदीको साँखर माथि
घैला बोकेका ताँती
त्यस्तै यस्तै
त्यतै यतै
कहिले सम्म गीत गाउने साथी !

खेती मनसुनमा
जागिर भनसुनमा
मनसुन र भनसुन
लुकामारीको विकल्प छैन साथी !

'बाबा बाबा !
अब
हाम्रो गाउँमा
रेल आउँछ रे
पानी जहाज चल्छ रे
घर घरै सहकारी हुन्छ रे
यहीँबाटै चन्द्र छुइन्छ रे
अनि के के हो के के '!'

तिमी चुनावी दौडाहामा
जनता क्रन्दनको औडाहामा
जे होस्
पुनः
मेरो घर गोठ धाउने
गोरेटो पल्याएछौ
सानै छोराको हातमै भने पनि
तिम्रो पार्टीको चुनाव चिन्ह
लगायत पर्चाहरू थमाएछौ

घरदैलोमा छोडेको घोषणापत्रमा
मरुभूमिमा उद्यान झुलिराछ
विकास तीब्र गतिमा डुलिराछ
हरफै पिच्छे नयाँ र ठूला सपना छ
तर
मलाई ठूलाठूला आश्वासन
चिप्लो चाप्ला भासण
महलको आरामदायी आसन
भन्दा
बिहानै मुख धुने
पानी आउने धारा पाइयोस्
बाँझो बारी
सन्तान पारी
देख्न नपरोस्
गर्मीमा शीतल बस्ने चौतारी
जाडोमा घामको पार
ताप्ने पार्क पाइयोस्

बाटो घाटोमा
तिर्खाएको बटुवाले
निःशुल्क पानी पाएको
सर्वसाधारणले सर्वसुलभ
शिक्षा स्वास्थ्य रोजगार पाएको
तिम्रो चुनावी मान चित्र सँगै
अन्य पढ्न बुझ्न ठावैँ पिच्छे
पुस्तकालय उम्रेको देख्न पाइयोस्
हुनेखानेको सरामा
हुँदा खानेलाई नदाँजियोस्
बाजेका पालाको पाटीबाट
केहि अवश्य सिकियोस्

# वैवाहिक जीवनको शुभकामना साथी !



• सोफिया गैरे

उनलाई भेटेर धेरै कुरा , धेरै रमाइलो गर्ने इच्छा हुँदाहुँदै पनि के गर्नु , उनी विवाह बन्धनमा बाँधिँदै थिइन् । जन्मेको घर , थर , परिवेश सबै आजबाट फेरिएको थियो उनको । विवाह मण्डपमा बसेर पूजा गरिरहेको त्यो सुन्दर जोडीमा मान्छेहरू पालैपालो फोटो खिच्न लावालस्कर लागिरहेको थियो ।

भर्खर प्लस टु सकेर ब्याचलर पढ्न गाउँबाट झरेकी उनी पातली , अग्ली , लामो कपाल भएकी । उनी सर्ट - पाइन्टमा झोला बोकेर क्याम्पस गेटबाट टक्क भित्र छिर्दै गरेको अवस्थामा मसँग भेटिएकी थिइन् । उनलाई देखेपछि मैले मन्द मुस्कान दिएँ। त्यसैगरी उनी पनि मलाई हेरेर मन्द मुस्कान दिँदै आफ्नो कक्षा तिर लागिन् । दिनहरू बित्दै थिए । एकदिन उनीसँग क्याम्पसको चौरमा बसेर घाम ताप्दा परिचय गर्ने अवसर मिल्यो। उनको नाम रहेछ लक्ष्मी पौडेल।मैले हत्तपत्त सोधेँ , ' तिम्रो घरमा कता नि ? ' उनले हाँस्दै ' पाङ ' भनिन् । त्यसैगरी उनले मेरो नाम , ठेगाना , परिवार सबै सोधिन् । मैले पनि उनलाई यी सबै कुराको उत्तर दिएँ ।

आजबाट हामी साथी भएका थियौँ। हामीले एकअर्काको मोबाइल नम्बर पनि साटासाट गर्यौं , फेसबुकमा फ्रेन्ड पनि भयौँ । फेसबुकमा म्यासेजहरू साटासाट हुन थालिसकेको थियो । अनि फोनमा कुरा पनि निरन्तर भैरहने माहोल सिर्जना भइसकेको थियो। हामी एउटै संकायका विद्यार्थी थिए भए पनि हाम्रो विषय फरक -फरक थियो । त्यसैले अनिवार्य विषयमा मात्र हामी एउटै हलमा हुन्थ्यौं । त्यसपछि मेजर विषय पढ्नका लागि छुट्टाछुट्टै हलमा जानु पर्दथ्यो । अनिवार्य विषय पढ्दा लगभग हामी एउटै बेन्चमा बसेर धेरै हल्ला गर्थ्यौं । उनी कहिलेकाहीँ भन्ने गर्थिन् , ' हल्ला मात्र गर्ने होइन , पढ्नु पनि पर्दछ । ' म हाँस्दै ' छोडिदेऊ , त्यो परीक्षाको रुटिन निकालेपछि के गर्ने हो र ? विस्तारै पढौँला ' भन्दै उल्टै तिनलाई जिस्काइदिन्थेँ । उनी मज्जाले हाँस्दै मलाई ' कति हावा हो के , कहिलेकाहीँ त सिरियस होऊ न ' भन्दै गाली पनि गर्दथिन् । साँच्ची उनले भनेको कुराले मलाई कहिलेकाहीँ सिरियस पनि बन्न पर्दछ है भन्ने लाग्दथ्यो ।

हामी यति नजिक भइसकेका थियौँ कि खाजा खान सँगै , घुम्न सँगै , पढ्न सँगै । प्रायः जसो कोठामा पनि सँगैसँगै बित्न थालेका थिए दिनहरू । खाजा खान गइने गोविन्दाज रेष्टुरेन्टमा पनि कहिलेकाहीँ एक्लै जाँदा 'आज किन एक्लै नि ? ' भन्दै जिस्काउन थालिसकेका थिए । कतै कुनै ठाउँमा एक्लै हुँदा उसलाई खुब मिस गर्दथेँ म। उनको घर जानका लागि धेरै समय लाग्ने थिएन, लगभग बसमा एक घण्टा लाग्दथ्यो । उनी बिदाको समय , चाडपर्वमा , परीक्षा सकिएको अन्तिम दिन तुरुन्त घरमा गइहाल्थिन् । मलाई उनी घर गइन् कि बजारमै छिन् , यो कुरामा चासो लिन्थेँ । उनी फोन गर्दथिन् र भन्थिन् ' म चाँडै आउँछु । ' म उनलाई खुब घुर्काउँथेँ ' छिटो आऊ नभए म बोल्दिनँ । ' त्यो कुरा उनलाई खुब मन पर्दथ्यो । ब्याचलरको सुरुआतदेखि हाम्रो यात्रा अन्तिम वर्षसम्म यसरी बितेको थियो कि कुनै दिनमा केही कुराको चिन्ता नै थिएन । जब चौथो वर्षको परीक्षा सुरु हुन थाल्यो अनि सोचेँ , अब उनीबाट नचाहेरै पनि टाढा हुने दिन नजिकिँदै छ ।

परीक्षाका दिनहरू नजिकिँदै थिए। त्यसको केही समयमा परीक्षा चलिरहेको थियो । परीक्षा हलबाट बाहिर निस्किनासाथ आँखाले हजारौँ परीक्षार्थीको भिडमा उनलाई नै खोजिरहेको हुन्थ्यो । जब उनलाई भेट्थेँ , ' कस्तो गरिस ? ' परीक्षा भन्दै सिरियस भएर सोध्थिन् अनि म हाँस्दै ' राम्रो भयो ' उत्तर दिन्थेँ । किन - किन परीक्षा जति नै नराम्रो भए पनि उनलाई भेटेपछि नराम्रो भन्न मनले मान्ने नै थिएन । उनले मुख अमिलो पार्दै ' आज त हेर न एउटा लङ कोइस्चननै उल्टो लेखेर आएछु' भनिन् । म भने ' टेन्सन नगर पास भइहाल्छौ नि ' भन्दै सम्झाई रहेँ । यसरी ब्याचलरको अन्तिम परीक्षा पनि सकियो । हामी भेटेर अनेक गफगाफ गर्यौं । उनी भोलि घर जाने बताइन् र गइन् पनि । घरमा गए पनि हामी निरन्तर फोन , फेसबुक या जहाँ जुन ठाउँमा जसरी सम्भव हुन्छ त्यसरी नै कुराकानी गर्ने गर्दथ्यौं । परीक्षा सकिएको केही दिनपछि हाम्रो प्राक्टिकलको रूटिन पनि आयो । उनी घर भए पनि प्राक्टिकलको लागि आउनुपर्ने थियो । सौभाग्यवश हामी एउटै विद्यालयमा परेका थियौँ , निकै रमाइलो। त्यो झन् कहिले भुल्न नसकिने गरी अब त अन्तिम वर्षहरू भन्दै गरेको रमाइलो पल म कसरी बिर्सु ?

विडम्बना यस्तो थियो कि उनको एक बजेपछि विद्यालय पुग्नुपर्ने भने मेरो एक बजे निस्कनु पर्ने । हप्तामा एक दिन भेट हुन्थ्यो शुक्रबार , बाँकी दिन कसरी बिते ? कसले के कुरा गर्‍यो ? यी सबै कुरा हाम्रो फोनबाट नै हुन्थ्यो । प्राक्टिकलको अन्तिम दिन हामी सबै साथीहरू गुरुजनहरूबाट आशीर्वाद लिएर फोटोशूट गरी घर फर्कियौँ । घर फर्किंदा निकै ठूलो पानी परेको थियो । त्यो दिन अझै पनि याद छ मलाई । जब विद्यालयबाट घर फर्किंदै थिएँ , धेरै कुरा सोचेँ । बाहिर जस्तो परिस्थिति थियो , ठ्याक्कै भित्र त्योभन्दा बढी तहल्का मच्चिरहेको थियो । अब उनीसँग बिताउने दिन सकिएको थियो । घरमा आएर पनि धेरै बेर धेरै कुराहरू सोचेँ। पिडा भुलाउने एकमात्र औषधि थियो मोबाइल । मोबाइल खोलेँ , तिम्रा ती म्यासेजहरू अनि तिम्रो त्यो स्टोरी हेरेँ । निकै बेर आफूले आफैलाई नै सम्हाल्ने प्रयास गरेँ , निकै गाह्रो त्यो अतीत भुल्न ।

अन्तिम दिन हामी पुनः क्याम्पसमा रिपोर्ट बुझाउन सँगै गयौँ र बुझाएर निस्कँदा उनले भनिन् , ' अब त यहाँ आउने पनि यति नै । ' म आफूले आफूलाई नै सम्हाल्दै ' हो त है , सँगै डिग्री यही पढौँला ' भन्दै जबर्जस्ती हाँसे । उनी पनि हाँसिन् । क्याम्पसबाट निस्कदा उनीसँग एकपल पनि छुट्टिन मन थिएन । ' जाउँ न सँगै बसेर चिसो खाउँ न त ' भन्दै हामी क्याफे तिर लाग्यौँ । केही बेर सँगै कुरा गरेपछि उनी हतारिँदै भनिन् , ' आज म घर जान`, सामानहरू मिलाउनु छ । म जान्छु है ! ' मैले जबर्जस्ती हस् भनेँ । उनी ' बाई - बाई , सी यू अगेन ' भन्दै थिइन् , म मन्द मुस्कानका साथ ' नाइस टू मिट यू ' भनेँ । उनी मेरो आँखाबाट ओझेल भइन् । मलाई भने एकाएक घाम भएको ठाउँमा कालो बादल मडारिँदा मौसम परिवर्तन हुन्छ , मेरो अनुहार ठ्याक्कै त्यस्तै भएजस्तो महसुस भयो ।

उनीसँग छुट्टिएको केही हप्तापछि चैते दसैँ अनि नयाँ वर्ष सँगै आइरहेको थियो । ' आऊ न बागलुङ ' भन्दै धेरै कर गरेँ उनलाई । गाउँमा धेरै काम हुने भएकाले फुर्सद नहुने बताइन् । यसरी नै उनीसँग छुट्टिएर धेरै हप्ता बिताउने प्रयास गरेँ । नयाँ वर्षको दिन थियो , उनलाई धेरै म्यासेजहरू पठाएँ । सायद उनी व्यस्त भएर होला रिप्लाई दिन भ्याएकी थिइनन् । नयाँ वर्ष , नयाँ खुसी , नयाँ जोश , नयाँ उमंगका साथ निकै रमाइलो गरी बितेको दिन थियो । साँझपख मलाई एकजना साथीले फोन गरी ' कता छौ ? ' भन्दै । हत्तपत्त ' लक्ष्मीको विवाह रे पर्सी ' भन्दै सुनाउँदै थिइन् । म एकछिन छाँगाबाट खसेजस्तै भएँ । किन-किन मेरो बोली नै रोकियो । बोल्न खोजेँ तर बोली नै आएन। ' के रे ? ' भन्न भ्याएछु । उताबाट सबै कुरा साथीले भनिरहेकी थिइन् , म चाहिँ सुनिरहेँ । करिब रातिको एघार बजेपछि उनले मलाई फोन गरेकी रहिछन् । मैले थाहा पाइनछु ।
अर्को दिन अर्थात् दुई गते बिहान करिब पाँच बजे उनको फोन आयो । सबै कुरा थाहा पाएर पनि नपाएजस्तो गरी उनले भनेका कुरामा ' अँ , अँ ' भन्दै सुनिरहेँ । लगभग दुई मिनेटको फोनपछि उनले भनिन् , ' जसरी पनि आऊ , नभए म बोल्दिनँ । ' उनले ' अहिले धेरै टाइम छैन , पछि कुरा गर्छु ' भन्दै फोन राखिन् । घन्टौँसम्म कुरा गरेर नसकिने हाम्रा ती गफगाफ आज दुई मिनेटमै सकिसकेको थियो। लगातार साथीहरूको फोन पालैपालो मोबाइलमा आउन थाल्यो । फोन उठाएपछि सबैको संवाद एउटै थियो - ' तँ त विशेष मान्छे जानु पर्दछ , तैँले नै नजाने कुरा गरे को जान्छ त ? ' मैले सुनिरहेँ । यतिकैमा त्यो दिन पनि बित्यो । पहिलाभन्दा निकै फरक दिनका रुपमा बितेको थियो त्यो दिन ।

अर्को दिन अर्थात् तीन गते उनको विवाहको दिन थियो । म बिहान उठेदेखि उनी के गर्दै छिन् होला ? कस्ती भाकी छन् होला ? भन्दै धेरै बेर उनलाई सम्झिरहेँ । बिहानको १० बजिसकेको थियो। उनको विवाह मन्दिरबाट हुँदै थियो । करिब पैतालिस मिनेटको बसको यात्रा गरी सकेपछि हामी उनले भनेको लोकेसनमा पुग्यौँ। गेटबाट ठ्याक्कै भित्र छिर्दै थियौँ , उनी पनि उताबाट केही मान्छेको हुलसँगै आइन् । जब उनलाई देखेँ , मन अवाक् भयो । धेरै दिनपछि भेटिएकी उनी निकै राम्री र सुशोभित देखेकी थिइन् । सदाका दिनभन्दा निकै फरक । उनलाई भेटेर धेरै कुरा , धेरै रमाइलो गर्ने इच्छा हुँदाहुँदै पनि के गर्नु , उनी विवाह बन्धनमा बाँधिँदै थिइन् । जन्मेको घर , थर , परिवेश सबै आजबाट फेरिएको थियो उनको । विवाह मण्डपमा बसेर पूजा गरिरहेको त्यो सुन्दर जोडीमा मान्छेहरू पालैपालो फोटो खिच्न लावालस्कर लागिरहेको थियो । तिमीसँग जोडिएका ती हरेक कुराहरू देख्दा मलाई एकाएक आँखाअघि कुनै फिल्मको सुटिङ भएजस्तो महसुस भइरहेको थियो । तिमीसँग बिताएका पलहरू एकाएक सम्झिएँ । आँखाबाट आँसुका थोपा झार्नु बाहेक अरु कुनै विकल्प थिएन मसँग । निकै गाह्रो त्यो बिदाइको समय तिमीबाट एकछिन पनि टाढा नहुने मन हुँदाहुँदै टाढिनु पर्ने बाध्यतामा थिएँ ।

तिमी टाढा गए पनि तिम्रा यादहरू भने ताजा नै रहे । बिदाइमा जबर जस्ती हल्लाएका ती हातहरू झटपट आँखाको डिल नजिकै पुगेर आँसुका ढिक्काहरू पुछ्न समेत भ्याइसकेका थिए । तिमी सधैँ खुसी बन है प्रिय , म तिमीलाई कहिले देख्न सक्दिनँ । आज तिम्रो बारेमा खुब लेख्न मन लाग्यो अनि लेखेँ यो संस्मरण तिम्रो निम्ति । ' बिदाइको बेला तिम्रा आँखाको नानीबाट तल झर्न आँतुर आँसुहरूले झैँ हाम्रो समाजले पनि एक अवला नारीलाई विवाह मण्डपमा त्यसरी नै जबर्जस्त बस्न बाध्य नपारोस् । ' ' बिहेको बेलामा तिमीसँग फोटो खिच्न आँतुर ती तिम्रा मित्रहरूको जमात तिमीजस्तै नारीहरू दाइजोको नाममा कुटिँदा , पिटिँदा , शोषित हुदा , घरेलु हिंसामा पर्दा तिम्रो न्यायको निमित्त सदैव मुकाबिला गर्न तत्पर रहून । ' दुःख र सुख त जाडो र गर्मीजस्ता एकपछि अर्को आउने प्रकृया हुन् । विद्रोही आवाजमा तिम्रो तर्फबाट हरेक नारीलाई वैवाहिक जीवनको सन्देश एवम् धेरै - धेरै शुभकामना ।

# ३० गतेदेखि गठबन्धनको ट्याइँट्याइँ फिस : ओली

*विराटनगर (प्रस)* । नेकपा एमालेका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले ३० गतेदेखि गठबन्धनको ट्याइँट्याइँ फिस हुने बताएका छन्। नेकपा एमाले विराटनगर कमिटीले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

‘उहाँहरूको ट्याइँट्याइँ ३० गतेसम्म मात्रै हो’, उनले भने, ‘३० गतेदेखि गठबन्धनको ट्याइँट्याइँ फिस।’

यस्तै माधवकुमार नेपालले चितवनमा गरेको भाषणलाई उद्धृत गर्दै उनले भने, ‘एउटाले चितवनमा गएर भाषण गएर एमाले कुहिएको फर्सी हो भनेर भन्यो, कुहिएको फर्सी केलाई भन्छन् ?’, प्रश्न गर्दै उनले भने, ‘१५ वर्ष जुन पार्टीको



टुप्पोमा बसेर रस चुस्यो जसले २१ महिना प्रधानमन्त्री बनाएर हसुर्‍यो त्यही मान्छे पार्टी सिध्याउन अर्कोतिर कुद्यो।’ व्यंग्य गर्दै उनी थप्छन्, ‘मैले संसद्मा भनेको शेरबहादुरजी तपाईंको भान्सामा हाम्रा घरका बिराला देखियो, हाम्रा घरका बिराला तपाईंको भान्सामा किन गएका? खान गएका घरिघरि खान दिनुहोस् भनेर मैले भनेको थिएँ।’ उनले आफूले आग्रह गरेकैले प्रधानमन्त्री देउवाले एक-एक कचौरा केही केही खानेकुरा दिएको बताए।

यसैबीच ओलीले कुर्सी हिँड्न, बोल्न र चल्न सक्ने भए अहिलेका मन्त्रीहरूलाई टिपेर मिल्काइदिने बताएका छन्। नेकपा (एमाले) मोरङ कमिटीले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै यस्तो बताएका हुन्।काम गर्न सक्ने मान्छेलाई कुर्सीमा पुर्‍याउनुपर्ने बताउँदै उनले गठबन्धन सरकारले काम गर्न नसकेकाले मन्त्री बस्ने कुर्सी पनि रुने गरेको बताए।

‘अहिलेको गठबन्धनका मन्त्रीहरू बसेको देखेर कुर्सी रुँदो हो, के गर्ने बोल्न जान्दैन’, उनले भने, ‘हिँड्न, बोल्न, चल्न जान्ने भए अहिलेका मन्त्रीलाई टिपेर मिल्काइदिन्थे।’ अब बोल्न सक्ने मान्छेले कुर्सीमा बसेकालाई हटाउनुपर्ने बताउँदै उनले भने, ‘कुर्सीले त हटाउन सक्दैन बिचरा कुर्सीलाई पनि कति दिक्क लागेको होला यस्तो मान्छे बोक्नुपरेको छ ।’

मान्छे छान्दा जिम्मेवारी पद र ओहोदाको जिम्मेवारी पूरा गर्न सक्ने छान्नुपर्ने बताउँदै उनले एमाले बाहेक अर्को पार्टीबाट देश नबन्ने समेत दावी गरे।

# सवारी दुर्घटनामा एकजनाको मृत्यु

*झापा (प्रस)* । ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका-५ स्थित सिद्दिचरण राजमार्गमा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । शुक्रबार दिउँसो साढे १ बजे ओखलढुङ्गाको ठाडेबाट सदरमुकाम आउँदै गरेको ग. १ त ३१२९ नम्बरको ट्रयाक्टर अनियन्त्रित भई सडकबाट १० मिटर तल खसेर दुर्घटना हुँदा घाईते भएका ट्रयाक्टर चालक सिद्धिचरण नगरपालिका-७ बिगुटारका २२ बर्षीय प्रेम लाक्पा शेर्पाको मिसन अस्पताल ओखढुङ्गामा उपचारको क्रममा मृत्यु भएको हो । घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाबाट थप अनुसन्धान भईरहेको छ ।

# नेम्बाङको कटाक्ष : ‘खनालको अभिव्यक्ति आएदेखि हाछ्यूँ शुरु’



*इलाम (प्रस)* । स्थानीय निर्वाचनको चुनावमा प्रचारप्रसारका लागि गृहजिल्ला इलाममा रहेका नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङले एमाले छाडेका नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालमाथि फेरि कटाक्ष गरेका छन्। शनिबार फाकफोकथुम गाउँपालिकामा आयोजित एमालेको चुनावी जनसभालाई सम्बोधन गर्दै नेम्बाङले ‘नाम बिर्सिए पनि हिजो अस्तिसम्म आफ्नै नेता भएजस्तो लाग्ने मान्छे अहिले कता पुग्नुभयो थाहा छैन’ भन्दै खनालप्रति कटाक्ष गरे।

केही समयअघि खनालले चुनावमा ओलीको बाकस खाली गराउनुपर्ने र नेकपा एमालेलाई धुलो चटाउने अभिव्यक्तिलाई फाकफोकथुममा स्मरण गर्दै नेम्बाङले भने ‘मलाई धुलोसँग एलर्जी छ। उहाँको अभिव्यक्ति आएदेखि हाछ्यूँ शुरु भएको छ।’ नेम्बाङ आजकाल हुने चुनावी सभा र कार्यकर्ता प्रशिक्षणमा सबैभन्दा खरो रूपमा पूर्वसहयोद्धा झलनाथ खनालको विरोधमा देखिन्छन्। नेकपा विभाजनपछि जिल्लामा हुने हरेकजसो कार्यक्रममा नेकपा एकीकृत समाजवादीका सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालको कटाक्षमा उत्रिन्छन्।

हरेक कार्यक्रममा घुमाउरो शैलीमा खनाललाई लक्षित गर्दै ‘नाम चाहिँ बिर्सिए अनुहार झलझली आउँछ, अन्तरे हो कि जन्तरे’ जस्ता शब्द बाण प्रहार गर्छन्। नेकपा एमाले विभाजनपछि आजकाल नेम्बाङ इलाममा हुने कार्यक्रममा नेकपा एमालेको एजेन्डाभन्दा पनि बढी खनालको विरोध गर्छन्।

नेम्बाङ पालिका कमिटीको आयोजनामा हुने इलामका चुनावी सभामा एमाले उम्मेदवारलाई भोट माग्दै हिँडिरहेका छन्। गठबन्धनको नाममा महिलामाथि अन्याय भएको बताउँदै नेम्बाङले आफूहरूले नीति नियम र कानुन निर्माणमा महिलाको सम्मानजनक सहभागिता गराए पनि गठबन्धनको नाममा अधिकार कुण्ठित गरेको आरोप लगाए।

उनले महिला दिदीबहिनी सहित आमजनताले वैशाख ३० गते जवाफ दिनुपर्ने बताए। नेकपा एमाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म एक्लै चुनावी मैदानमा उत्रिएको बताउँदै उनले जित आफूहरूकै भएको बताए।

केपी ओली राष्ट्रवादी नेता भएको जिकिर गर्दै नेम्बाङले भारतीय पत्रकारले भारतको भाइ नेपाल भनी लिएको अन्तर्वार्तामा प्रतिवाद गर्दै भारतसँग नेपालको समान हैसियत सुझाएर पठाएको स्मरण गरे। सीमा अतिक्रमणको विषयमा केपी ओलीले लिएको अडान र काम हरेक नेपालीले आजीवन नभुल्ने उनले दाबी गरे। ओली प्रधानमन्त्री हुँदा अन्तर ष्ट्रिय सम्बन्ध मजबुत बनाएको उनको जिकिर छ।

# यूरो किड्सले ल्यायो नयाँ पाठ्यक्रम




*बिर्तामोड (प्रस)* । एशियाको अग्रणी प्रि-स्कूल सञ्जाल ‘यूरो किड्स’ ले नयाँ पाठ्यक्रम सुरू गरेको छ । बालबालिकाको समग्र विकास सुनिश्चित गर्नको लागि झ्ल्इक्ष नामक पाठ्यक्रमको सुरुवात गरेको हो ।पाठ्यक्रमले बालबालिकाको समग्र विकासको लागि दिमाग, शरीर र आत्मालाई सुधार गर्न मद्दत पुग्ने विश्वास लिइएको छ । बालबालिकामा संज्ञानात्मक, प्रभावकारी कार्यसम्पादनमा आधारित सीपहरू अभिवृद्धि गर्ने उदेश्यका साथ ‘ चाइल्ड फस्ट’ र ‘जोय अफ लर्निङ’ विचारधाराबाट यो पाठ्यक्रमको डिजाइन गरिएको पाठ्यक्रम विकास प्रमुख डा. अनिता मदानले जानकारी दिइन् ।

उनले भनिन् ‘यो पाठ्यक्रमले बच्चाहरूलाई आफ्ना साथी र शिक्षकहरूसँग अन्तरक्रिया गर्ने धेरै अवसरहरू प्रदान गर्नेछ। पाठ्यक्रमले मिश्रित सिकाइमार्फत, बालबालिकाहरूलाई अन्य बालबालिकाहरूको तुलनामा धेरै नयाँ कुराहरू सिक्ने अवसरहरू प्रदान गर्नेछ ।’

सिइयो केभिएस शेषसाई भन्छन् ‘हामी यो पाठ्यक्रम पेश गर्न पाउँदा धेरै खुसी छौं, जुन नेपालका बालबालिकाहरूको भविष्यका लागि चाहिने सीपहरू हासिल गर्न मद्दत पुग्ने गरी तयार गरेका छौँ । यूरोकिड्समा हामी चाइल्ड फस्ट विचारधारामा विश्वास गर्छौं र हाम्रो ध्यान बालबालिकाको दिमाग, शरीर र आत्माको विकासमा छ ।

जसले तिनीहरूलाई चलाख, उत्तरदायी नागरिक बन्न मद्दत गर्नेछ ।’पाठ्यक्रम तीन खण्डमा विभाजित भएको छ । जसमा दिमाग, शरीर र आत्मा समावेश छन् । दुई दशकदेखि एसियाका ३५० भन्दा बढी शहरहरूमा एक हजार दुईसय भन्दा बढी प्रि स्कुलको नेटवर्क बनाएको यस संस्थाले नेपालमा १४ बर्षअघि यूरो किड्सको पहिलो केन्द्र स्थापना गरेको थियो । अहिले संघीय राजधानी काठमाडौंलगायत, ललितपुर, काभ्रे, विराटनगर, झापा, धनगढीमा २८ वटा प्रिस्कुलहरू सञ्चालनमा छन् ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१७

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** शुभकार्यको चर्चा चल्नेछ । बन्दव्यापारको क्षेत्रमा उन्नतिको वातावरण बन्नेछ ।

**वृष** मन लागेको कुरा खरिद गर्न सकिन्छ । सबैले तपाईंको काममा सहयोग गर्नेछन् ।

**मिथुन** आज अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ ।

**कर्कट** आज उमङ्ग र उत्साहमा कमी आउनेछ । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**सिंह** लामो समयदेखि रोकिएका कामहरू पुरा हुनेछन् । साथै दीर्घकालिक फाइदा हुनेछ ।

**कन्या** प्राविधिक र टेक्निकल काममा सफलता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**तुला** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।

**वृश्चिक** कार्य सम्पादनमा समस्या आउला । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ ।

**धनु** जटिल ठानिएको काम सम्पादन हुनेछ । न्यायिक प्रतिस्पर्धामा सफलता मिल्नेछ ।

**मकर** एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान

**कुम्भ** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको भेटघाटले मन प्रफुल्ल रहला

**मिन** प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ ।